# मेरो किताब

(बालचित्रकथा)



बुक प्यालेस

विनय कसजू

Digitized By:

साझा शिक्षा ई-पाटी
OLE NEPAL

www.pustakalaya.org

www.olenepal.org

# मेरो किताब

## (बालचित्रकथा)



विनय कसजू


बुक प्यालेस
प्रदर्शनीमार्ग, काठमाडौं, नेपाल



# मेरो किताब
## (बालचित्रकथा)


| | | |
|---|---|---|
| लेखक | : | विनय कसजू |
| चित्र | : | प्रेम लम्साल |
| © सर्वाधिकार | : | लेखकमा |
| संस्करण | : | २०७० |
| प्रकाशक | : | बुक प्यालेस<br>प्रदर्शनीमार्ग, काठमाडौं<br>फोन नं. ४२४३३९४<br>email: bookpalace@hotmail.com |
| मुद्रण | : | क्रिएटिभ लिङ्क प्रा. लि<br>बागबजार, काठमाडौं<br>फोन नं. ४२१६९१३ |

ISBN : 978-9937833875



## भूमिका

बालबालिकामा पढ्ने बानी बसाल्यो भने उनीहरूले शैक्षिक प्रगतिमात्रै गर्दैनन् उनीहरूको व्यक्तित्व नै बन्छ। यसैले सचेत आमाबाबुहरू आफ्ना सन्तानलाई सानै उमेरदेखि पुस्तक पढ्ने बानी बसाल्न खोज्छन्। बालबालिकालाई जति सानो उमेरदेखि किताबसँग परिचित गरायो उति धेरै उनीहरूले किताबलाई माया गर्छन्। किताबलाई माया गर्नु भनेको किताब पढ्ने बानी बसाल्नु हो। बालबालिकालाई पुस्तकको धेरै प्रकारले उपयोग गर्न प्रेरित गर्दै उनीहरूमा पुस्तकलाई माया गर्ने र पढ्ने बानी बढाउनु यस पुस्तकको उद्देश्य हो। आफ्नो उद्देश्यमा यो पुस्तक सफल हुने छ भन्ने हाम्रो विश्वास छ।

धन्यवाद।

बुक प्यालेस

बाबा आमा मलाई माया गर्नु हुन्छ ।
मलाई मनपर्ने उपहार दिनु हुन्छ ।



जन्मदिनमा मैले उपहार पाएँ ।
के होला भन्दै कोठाभित्र ल्याएँ ।
आहा किताब ! कति राम्रो उपहार !
पढ्न हुने, खेल्न हुने कति राम्रो बिचार !



पाना पल्टाएर हेर्न क्या मज्जा रै छ !
भित्र मुसा र खरायो, चरा पनि रै छ !



मेरो सुरी बिरालोलाई मुसा देखाउँछु ।
अनि टमी कुकुरलाई पढी सुनाउँछु ।



सानी बहिनी रोई भने चित्र देखाउँछु ।
खरायो र कछुवाको कथा सुनाउँछु ।



ओछ्यानमाथि पल्टेर किताब पढ्छु ।
नबुझेका कुराहरू आमासँग सोध्छु ।



थकाइ लागे आमाको काखमा बस्छु ।
आमाले गीत गाउँदै कथा भन्नु हुन्छ ।



खेल्न मन लागे किताबसँगै खेल्छु ।
कपालमाथि किताबलाई टोपी झैँ सजाउँछु ।



किताब र भालुलाई मोटरमाथि राख्छु ।
कोठाको वरिपरि फनफन घुमाउँछु ।



कम्मरमा राखेर हिंड्न म सक्छु ।
झोलाभित्र राखेर बोक्न पनि सक्छु ।




कहिले पढ्छु क ख ग घ कहिले ए बी सी डी
किताबले ज्ञान दिन्छ, भन्छिन् मेरी दिदी ।
मलाई त मेरो किताब खेलौना झैँ लाग्छ,
किताबले मलाई सँधै खुशी राख्छ ।




पढिसकेपछि किताब दराजमा राख्छु ।
धुलो र पानीबाट यसलाई जोगाउँछु ।
डुकुरे मुसालाई परै धपाउँछु,
मेरो प्यारो किताबलाई धेरै माया गर्छु ।





किताब पाएँ भने म त सबै कुरा भुल्छु ।
सपनाको संसारमा रमाउँदै डुल्छु ।



# बालसाहित्यका हाम्रा प्रकाशनहरु
































बुक प्यालेस
प्रदर्शनीमार्ग, काठमाडौं, नेपाल
फोन नं.: ४२४३३९४
*email: bookpalace@hotmail.com*

मूल्य: रू. ७०/-

ISBN 99937833876
9789993783387 5